नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१०-५४०१३१
०१०-५४०१३२(प्र.जि.अ.)
फ्याक्स नं.: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
धुन्चे, रसुवा
बागमती प्रदेश

प.सं.: ०७६/७७
च.नं.:

मिति:- २०७७।०३।२२

## जरुरी सूचना

बन्दाबन्दी सहजीकरणका लागि संक्रमणको जोखिमको अवस्था मूल्याङ्कन गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/गराई न्यूनतम २ मिटरको सामाजिक दुरी कायम गरी मास्क र स्यानिटाईजरको अनिवार्य प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने एवं स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने शर्तमा केही सेवा र कार्यहरु सञ्चालन गर्न नेपाल सरकारबाट सहजीकरण भएकोमा पछिल्लो समय न्यूनतम सामाजिक दुरी कायम नगर्ने, बिना मास्क घरबाट बाहिर हिडडुल गर्ने, अनावश्यक भिडभाड गर्ने, सेवा प्रदायक निकाय वा संस्थाले पनि स्वास्थ्य र सुरक्षाका न्यूनतम मापदण्ड पालना गर्ने/गराउने तर्फ बेवास्ता गर्ने क्रम बढी, कोभिड-१९ को संक्रमण बढ्ने भएकोले उप्रान्त कोभिड-१९ को संक्रमणबाट आफु जोगिन र अरुलाई पनि जोगाउन अनिवार्य रुपमा मास्क लगाएर मात्र हिडडुल गर्न तथा सामाजिक दुरी कायम गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचनाको वेवास्ता गरी मास्क नलगाई, सामाजिक दुरी कायम नगरी यात्रामा निस्किने व्यक्तिहरुलाई संक्रामक रोग ऐन, २०२० बमोजिम तत्काल नियन्त्रणमा लिई कारवाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

२०७७।०३।२२
सपना कुमारी भट्टराई
प्रमुख जिल्ला अधिकारी